स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ९ मध्यपुर थिमि भक्तपुर माघ २८ , २०८२

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको "बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका २०८१ (पहिलो संशोधन) निर्देशिका,२०८२" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको निर्देशिका नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२८

मध्यपुर थिमि नगरपालिकाको बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका २०८१ (पहिलो संशोधन) २०८२

प्रस्तावनाः मध्यपुर थिमि नगरपालिका बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०८१ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले मध्यपुर थिमि नगरपालिकाको नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र परिभाषाः

(१) यो निर्देशिकाको नाम "मध्यपुर थिमि नगरपालिकाको बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका (पहिलो संशोधन) २०८२ " रहेको छ ।

२) यो निर्देशिक मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. मध्यपुर थिमि नगरपालिका बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०८१ को दफा ३० मा संशोधनः मध्यपुर थिमि नगरपालिका बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०८१ को दफा ३० को खण्ड (छ) पछि देहायको खण्ड (छ१.) र (छ२.) थप गरिएको छः

(छ१.) आर्थिक विकास महाशाखा प्रमुख - सदस्य

(छ२.) राजस्व शाखा प्रमुख - सदस्य

३. मध्यपुर थिमि नगरपालिका बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०८१ को दफा ३४ को उपदफा २ मा संशोधनः

(१) बजार अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०८१ को दफा ३४ को उपदफा (२) को खण्ड क. मा रहेको अनुगमन गर्ने वडाका वडा अध्यक्ष – संयोजकको सट्टा आर्थिक विकास महाशाखा प्रमुख - संयोजक रहने।

(२) निर्देशिकाको दफा ३४ को उपदफा (२) को खण्ड ज. पछि देहायको खण्ड झ. थप गरिएको छः

झ. राजस्व शाखा प्रमुख - सदस्य

प्रमाणीकरण मिति २०८२।१०।२८

आज्ञाले

भोज राज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२